# त्रिभुवन विश्वविद्यालय
# व्यवस्थापन संकाय, डीनको कार्यालय,
# परीक्षा नियन्त्रण महाशाखा, गाङ्खेल, बल्खु को

## MBS / MPA प्रथमसत्रको नियमित परीक्षा २०२१ को परीक्षा फाराम भर्ने सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०७७।१०।०४

त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय, डीनको कार्यालयबाट सेमेष्टर प्रणालीमा सञ्चालित Master of Business Studies (MBS) र Master of Public Administration (MPA) कार्यक्रममा २०७६ साल (सन् २०२०) मा भर्ना भएका परीक्षार्थीहरुको प्रथमसत्रको नियमित र सन् २०२० अघि भर्नाभई प्रथमसत्रको नियमित परीक्षामा सामेलभै अनुर्तिण वा अनुपस्थित भएका आंशिक परीक्षार्थीहरु (नियमित परीक्षाको आंशिक परीक्षार्थी) समेतको प्रथम सत्रको नियमित परीक्षा मिति **२०७७ चैत्र महिनाको दोश्रो सातादेखि** संचालन हुने भएकोले आफू सम्मिलित हुन चाहेको विषयहरु स्पष्ट उल्लेखगरी परीक्षा फर्म सम्बन्धित क्याम्पस/कलेजमा मिति २०७७।११।०५ गतेभित्र र सम्बन्धित क्याम्पस / कलेजहरुले उक्त परीक्षा फारम मिति २०७७।११।०९ गतेभित्र यस परीक्षा नियन्त्रण महाशाखामा तपशिल बकोजिमको आवश्यक शूल्क सहित अनिवार्य रुपमा उपलब्ध गराउन सम्वन्धित् क्याम्पस / कलेजहरुलाई यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

**नियमित परीक्षा शूल्कः** प्रति विद्यार्थी प्रति सत्र : रु १५००।-

**आंशिक परीक्षा शूल्कः** प्रति विद्यार्थी प्रति विषय : रु ३००।-

**विलम्ब शूल्क** : फाराम भर्ने म्याद सकिएको भोलिपल्ट देखि २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु २००।-, दोश्रो २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु ४००।- र त्यसपछिको २ दिनसम्म अन्तिमपटक प्रति विद्यार्थी प्रतिसत्र रु १,०००।- रहेको छ।

म्यादनाघी वा रीत नपुगी प्राप्त फाराम उपर कुनै कारवाही हुने छैन साथै उक्त परीक्षाको बिस्तृत परीक्षा तालिका पछि प्रकाशित गरिने छ।

***नोटः***

*(क) परीक्षा समय र प्रश्नपत्रको ढाँचा Covid-19 पूर्वबत् (४ घण्टा र १०० पूर्णाङ्को) रुपमा सञ्चालन हुनेछ।*

*(ख) नियमित परीक्षार्थिहरुको हकमा MBS/MPA AT 2020 को Score Sheet को फोटोकपी र आंशिक परीक्षार्थीहरुको हकमा प्रथमसत्रको नियमित परीक्षाको Grade Sheet को प्रतिलिपि अनिवार्यरुपमा परीक्षाफारम सँगैं संलग्न गर्नुपर्नेछ अन्यथा उक्त परीक्षार्थीको परीक्षा फाराम स्विकृत गरीने छैन।*

*(ग) परीक्षा फाराममा विषय सच्चाईएको पाईएमा सो परीक्षाफारम रद्द गरिनेछ र सोको जिम्मेवारी स्वयम् विद्यार्थी हुनेछ।*

*(घ) परीक्षार्थीहरुको* ***आन्तरिक मुल्याङ्कनको List*** *परीक्षा फाराम संगै संलग्न गरि सो प्राप्ताङ्क परीक्षा फर्ममा समेत उल्लेख गर्नु पर्नेछ।* ***आन्तरिक मुल्याङ्कन उल्लेख नभएका परीक्षा फाराम स्विकृत गरीने छैन।***

*(ङ) परीक्षा फारम यस संकायको परीक्षा नियन्त्रण महाशाखाबाट उपलब्ध हुनेछ अन्यथा www.fomecd.edu.np बाट Download गरि Legal size paper मा print गरि भर्न सकिनेछ।*

*(च) परीक्षाशुल्क व्यवस्थापन संकाय, त्रि. वि. कीर्तिपुरको नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखाको च.हि.नं. ०४५-००१-०००९१०६६००००००१ मा जम्मा गरी सोको सक्कल भैचर परीक्षा फाराम संगै संलग्न हुनुपर्नेछ।*

सहायक डीन
परीक्षा नियन्त्रण महाशाखा